संघीय संसद्

राष्ट्रिय सभा

विधायन व्यवस्थापन समिति

प्रतिनिधि सभामा उत्पत्ति भएको

सार्बजनिक खरिद (दोश्रो संशोधन) विधेयक, २०८३ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन, २०८३

१. सार्वजनिक खरिद (दोश्रो संशोधन) विधेयक, २०८३ (यसपछि विधेयक भनिएको) को दफा २१ को थप्न प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) मा रहेका "सूचना प्रविधि वा नेपाल सरकारले सूचना प्रकाशन गरी तोकेको मालसामान वा सेवा खरिद गर्दा देहायका बिषयमा" भन्ने शब्दहरुको सट्टा "वा मुलुकलाई अत्यावश्यक पर्ने त्यस्तै प्रकृतिका विषय खरिद गर्दा देहायका कुरामा" भन्ने शब्दहरु राख्ने।

२. विधेयकको सोही दफा २१ को थप्न प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) को खण्ड (ङ) को अन्तमा "र" थपी खण्ड (च) को अन्तमा रहेको "र" झिक्ने र सोही उपदफाको खण्ड (छ) हटाउने।

३. विधेयकको दफा ३३ को थप्न प्रस्ताव गरिएको दफा ६१ख. को सट्टा देहायको दफा ६१ख. राख्ने :-

"६१ख. <u>कर्मचारीलाई प्रोत्साहन, बोनस तथा अन्य सुविधा दिन सक्ने</u>: राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजनाका लागि खरिद वा नेपाल सरकारले तोके बमोजिमका खरिद सम्बन्धी कार्य सम्झौतामा तोकिएको आयोजना सम्पन्न गर्ने अवधि अगावै गुणस्तरीय रुपमा सम्पादन गरी उत्कृष्ट नतिजा प्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न तोकिए बमोजिमका कर्मचारीलाई दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको

संघीय संसद
व्यवस्थापन समिति
२०७५

हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले तोके बमोजिम प्रोत्साहन, बोनस र अन्य सुविधा दिन सक्नेछ।"

४. विधेयकको सोही दफा ३३ को थप्न प्रस्ताव गरिएको दफा ६२क. को सट्टा देहायको दफा ६२क. राख्ने :-

"६२क. <u>निर्माण व्यवसायीलाई पुरस्कार, तथा प्रशंसा पत्र प्रदान गर्न सक्ने</u> :- राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजनाका लागि खरिद वा नेपाल सरकारले तोके बमोजिमका अन्य विशेष महत्वका आयोजना सम्बन्धी खरिद तथा निर्माण कार्य सम्झौतामा तोकिएको आयोजना सम्पन्न गर्ने अवधि अगावै गुणस्तरीय रुपमा सम्पन्न गरी उत्कृष्ट कार्यसम्पादन गर्ने निर्माण व्यवसायीलाई दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले तोकेबमोजिम पुरस्कार, प्रोत्साहन, प्रशंसा पत्र वा अन्य सुविधा प्रदान गर्न सक्नेछ।"

५. विधेयकको दफा ३६ को उपदफा (५) को संशोधन गर्न प्रस्ताव गरिएको दफा ६५ को उपदफा (१) को खण्ड (ठ१) मा रहेको "तोकिएबमोजिम" भन्ने शब्द झिक्ने।

६. विधेयकको दफा ३७ को थप्न प्रस्ताव गरिएको दफा ६६ख. को सट्टा देहायको दफा ६६ख. राख्ने :-

"६६ख. <u>सरकारी खरिद सेवा कार्यालय</u>: (१) दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायलाई आपूर्तिकर्ता छनोट तथा मालसामान खरिदमा प्राविधिक सहयोग गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत एक सरकारी खरिद सेवा कार्यालय रहनेछ।

(२) दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायले माग गरेमा उपदफा (१) बमोजिमको कार्यालयले देहायका विषयमा प्राविधिक सहयोग उपलब्ध गराउने कार्य गर्नेछ :-

(क) दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायहरूलाई संरचनात्मक सम्झौताको माध्यमबाट आवश्यकतानुसार मालसामान वा अन्य सेवा खरिद गर्न सहयोग गर्ने,

(ख) खरिद मागको विश्लेषण गरी मालसामानको खरिदको विवरण (स्पेसिफिकेशन), लागत अनुमान तयार तथा बोलपत्र सम्बन्धी कागजात तयार गर्ने।

(३) उपदफा (१) बमोजिमको सरकारी खरिद सेवा कार्यालयले संरचनात्मक सम्झौता गरेका आपूर्तिकर्ता वा सेवाप्रदायकसँग दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायहरूले आवश्यकतानुसार खरिद सम्झौता गरी मालसामान वा सेवा खरिद गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको सरकारी खरिद सेवा कार्यालयले प्रदान गर्ने सरकारी खरिद सेवा सञ्चालनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले छुट्टै खरिद निर्देशिका जारी गर्नु पर्नेछ।

(झलक शर्मा सापकोटा)
सचिव

(कृष्ण बहादुर रोकाया)
सभापति

मितिः २०८३/०३/२४